# IQAC को बैठक

आज मिति २०७८।१२।४ गते विश्वशान्ति चिरन-मिलन क्याम्पसको IQAC को बैठक समितिका संयोजक क्याम्पस प्रमुख श्री नेत्रप्रसाद न्यौपानेको संयोजकत्वमा बसी तपसिलका प्रस्ताव उपर तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

१. नेत्र प्रसाद न्यौपाने - संयोजक

२. मनोज अधिकारी - सदस्य

३. बालाराज घिमिरे - सदस्य

४. विष्णुलाल श्रेष्ठ - सदस्य

५. ऋतुराज विष्ट - सदस्य

**प्रस्तावहरु**

तपसिल

१. सार्वजनिक सूचना प्रकाशन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

२. विद्यार्थी रोजगार तथा परामर्श समिति गठन सम्बन्धमा ।

३. चमेना गृह व्यवस्थापन समिति गठन सम्बन्धमा ।

४. परीक्षा समिति गठन सम्बन्धमा ।

५. अतिरिक्त क्रियाकलाप तथा खेलकूद समिति गठन सम्बन्धमा ।

६. छात्रबृत्ति व्यवस्थापन समिति गठन सम्बन्धमा ।

७. पुस्तकालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

८. विद्यार्थी क्वालिटी सर्कल गठन सम्बन्धमा ।

९. सूचना सञ्चार प्रयोगशाला तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

१०. स्वास्थ्य तथा वातावरण समिति गठन सम्बन्धमा

११. नियुक्तिपत्र सम्बन्धमा ।

१२. विभिन्न समितिका निर्देशिका सम्बन्धमा

१३. विविध

**निर्णयहरु**

तपसिल

क्याम्पसका उप प्राध्यापक नवीन धितालको संयोजकत्वमा संजिब
१. प्रस्ताव नं. १ उपर छलफल हुँदा क्याम्पसका उप प्राध्यापक नवीन धितालको संयोजकत्वमा संजिब मिश्र र तिलक बहादुर कार्की समेत रहने गरी ३ सदस्यीय सार्वजनिक सूचना प्रकाशन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल हुँदा उपप्राध्यापक मान बहादुर तामाङको संयोजकत्वमा गंगा चिमरिया, ... जोशी सदस्य रहने गरी रोजगार तथा परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

# रोजगार तथा परामर्श समिति बैठक

आज मिति २०७९।०९।२५ गते विश्वशान्ति चिरन-मिलन क्याम्पसको रोजगार तथा परामर्श समितिको बैठक समितिका संयोजक श्री मानबहादुर तामाङको संयोजकत्वमा बसी तपसिलका प्रस्ताव उपर छलफ गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

१. मान बहादुर तामाङ - संयोजक

२. गंगा चिमरिया - सदस्य

३. सत्यराज जोशी - सदस्य

**प्रस्तावहरु**

१. रोजगारी सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा

२. विविध

**निर्णयहरु**

**तपसिल**

१. प्रस्ताव नं. १ उपर छलफल हुँदा यस क्याम्पसको रोजगारदाता कम्पनीको रुपमा सूचीकृत देउराली जनता फर्माक्युटीकल्स प्रा.लि.बाट १ जना मार्केटिङ्ग सम्बन्धी काम गर्ने कर्मचारी आवश्यक भएको भनी क्याम्पसलाई जानकारी गराएकोले सो सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. विविध अर्न्तगत छलफलका अन्य विषय नभएकोले आजको बैठक अन्त्य गरियो ।

# विश्वशान्ति चिरन-मिलन क्याम्पस

## पूर्व विद्यार्थीको रोजगारी, पेशा, व्यवसायगत अवस्था सम्बन्धी प्रतिवेदन -२०७९

वि.सं. २०४८ सालमा काठमाडौं जिल्लाको डिल्लीबजारमा स्थापनामा भएको विश्वशान्ति चिरन-मिलन क्याम्पसमा वि.सं. २०५० सम्म कुनै अध्ययन अध्यापन हुन सकेन । वि.सं. २०५१ देखी बाँसबारी स्थित श्री बाँसबारी माध्यमिक विद्यालयको भवनमा स्थानान्तरण भएपछि मात्र यस क्याम्पसमा अध्ययन अध्यापन कार्य नियमित भएको हो । त्रिभूवन विश्वविद्यालयको मानविकि तथा सामाजिक संकाय अर्न्तगत प्रवीणता प्रमाणपत्र तहको अध्यापन हुँदै जाँदा वि.सं. २०६२ देखी व्यवस्थापन संकाय अर्न्तगत स्नातक तह र वि.सं. २०६३ देखी मानविकि तथा समाजिक संकाय अर्न्तगतको स्नातक तहको अध्यापन हुँदै आएको छ । यस क्याम्पसबाट हालसम्म करिब १ हजार विद्यार्थीहरुले अध्ययन पूरा गरि सकेका छन् । यसरी अध्ययन पुरा गरेका विद्यार्थी मध्ये कतिले सो भन्दा माथिल्लो तहको अध्ययन पुरा गरी निजी, सरकारी, सेना, प्रहरी, निजामति सेवाका उच्च तहमा पुगेका, केही गैरसरकारी संस्थाहरुमा काम गरिरहेका, केहिले स्वव्यवसाय गरी अन्य व्यक्तिहरुलाई समेत रोजगारी दिईरहेका, केही बैदेशिक रोजगारीमा विभिन्न मुलुकमा रही आयआर्जन गरिरहेको अवस्था छ । यस क्याम्पसबाट अध्ययन सकेका को, कुन विद्यार्थी के कस्तो पेशा व्यवसायमा संलग्न छन् भनी क्याम्पसले खोजबिन गरी हालसम्म पत्ता लगाएका विद्यार्थीहरुको पेशा, व्यवसायगत संलग्नता तालिकामा उल्लेख भए बमोजिम छ :

| विद्यार्थीहरु संलग्न रहेको पेशा व्यवसाय | संलग्न विद्यार्थीहरु संख्या |
|---|---|
| स्वरोजगार सिर्जना गरी रहेका | ७ |
| निजामति सेवामा रहेका | ४ |
| प्रहरी तथा सेनामा रहेका | ८ |
| बैदेशिक रोजगारमा रहेका | ११ |
| अन्य पेशा व्यवसायमा रहेका | २३ |

क्याम्पसमा देशका विभिन्न जिल्लाबाट विद्यार्थीहरु अध्ययन गर्न आउने, अध्ययन पछि कतिपय विद्यार्थीहरु आफ्नो गृह जिल्ला फर्कने, कतिपय रोजगारी, पेशा, व्यवसायका, रोजगारीको सिलसिलामा अन्य जिल्लामा रहने, कतिपय बैदेशिक रोजगारीमा रहने, क्याम्पसको सञ्चार सम्पर्कमा नआउने र क्याम्पसले पनि कतिपय अवस्थामा खोजबिन गर्न नसक्ने, खोजी गरेपनि पत्ता नलाग्ने जस्ता समस्याका कारण क्याम्पसले हालसम्म पूर्व विद्यार्थीहरुको पेशा व्यवसायगत संलग्नताको पूर्ण तथ्यांक पत्ता लगाउन सकेको छैन । माथिको तालिकामा उल्लेख भएको तथ्यांक पूर्ण तथ्यांक भने होइन क्याम्पसले खोजबिन गर्दा पत्ता लागेको आंशिक तथ्यांक मात्र हो । माथि तालिकामा उल्लिखित बाहेक अन्य पेशा, व्यवसाय तथा रोजगारीमा रहेका पूर्व विद्यार्थीको संख्या सयौं हुनसक्छ । विगत केही वर्षदेखी क्याम्पसले यस्तो तथ्यांकको खोजी कार्यलाई निरन्तरता दिएकोले यो तथ्यांकलाई क्याम्पसले क्रमशः अद्यावधिक गर्दै जानेछ ।